# हिलिहाङ गाउँपालिका

**हिलिहाङ गाउपालिकाको राजपत्र**

**खण्ड :** **सङ्ख्या :** **७ जेष्ठ २०७५**

**भाग –**

**हिलिहाङ गाउँपालिका**

## हिलिहाङ गाउँपालिकाको बिनियोजन ऐन, २०७७

सभाबाट स्वीकृत मिति :- २०७७।०३।१०

प्रमाणिकरण मिति : २०७७।०३।१६

हिलिहाङ गाउँपालिकाको बिनियोजन ऐन, २०७७

हिलिहाङ गाउँपालिका, पाँचथरको आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागी स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम हिलिहाङ गाउँपालिका, पाँचथरको गाउँसभाले यो ऐन बनाएको छ

**१. संक्षिप्त नाम र प्रारम्भः**- (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७७" रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक बर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालू खर्च र बित्तिय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम ४७,४०,९९,८२९ (अक्षरेपी रु सतचालिस करोड चालिस लाख उनान्सय हजार आठ सय उन्तिस मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) संचितकोषमा जम्मा हुने रकमहरुको श्रोत र रकम अनुमान अनुसूची २ बमोजिम हुनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएकोमा रकम आर्थिक बर्ष २०७७/७८ को निमित्त हिलिहाङ गाउँपालिका, पाँचथरको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा खर्च जनाउने सकिनेछ । पुंजीगत खर्च र वित्तिय ब्यवस्था तर्फ विनियोजित रकम सांवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालुखर्च शिर्षक तर्फ सार्न र वित्तिय ब्यवस्था अन्तर्गत सांवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुंजीगत खर्च र वित्तिय ब्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

**(३)** उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्विकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनुपर्नेछ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको सविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान सङ्ख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका तर्फ | १८२३६६२८१ | २७५२१५४८ | २०९८८७८२९ |
| २ | | वडा कार्यालय तर्फ | १३५०००००० | ३२००००००० | ४५५०००००० |
| ३ | | बिषयगत शाखा तर्फ | ० | ० | ० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० |
| ५ | | शसर्त अनुदान नेपाल सरकार | १९३०००००० | ० | १९३०००००० |
| ६ | | शसर्त अनुदान प्रदेश सरकार | २११२००० | ० | २११२००० |
| ७ | | बिषेश अनुदान नेपाल सरकार | ० | ० | ० |
| ८ | | समपुरक अनुदान नेपाल सरकार | १३६००००० | | १३६००००० |
| ९ | | समपुरक अनुदान प्रदेश सरकार | ० | १०००००००० | १०००००००० |
| १० | | लगानी शेयर/ऋण | ० | ० | ० |
| **जम्मा** | | | | | ४७,४०,९९,८२९ |

**अनुसूची २**
**(दफा २ को उपदफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (१) बमोजिम**
**संचितकोषमा जम्मा हुने आम्दानीको स्रोतहरु**

| क्र. स | आम्दानीको श्रोत | आयका शीर्षकहरु | रकम |
|---|---|---|---|
| १ | संघीय सरकार | वित्तिय समानीकरण अनुदान | ९८६००००० |
| २ | | राजश्व बाँडफाँड बाट प्राप्त अनुदान | ७१८०६००० |
| ३ | | सशर्त अनुदान | १९३०००००० |
| ४ | | समपुरक अनुदान | १३६००००० |
| ५ | | विशेष अनुदान | ० |
| | | जम्मा | ३७७००६००० |
| ६ | प्रदेश सरकार | वित्तिय समानीकरण अनुदान | ६९९५००० |
| ७ | | राजश्व बाँडफाँड बाट प्राप्त अनुदान | ४१०८००० |
| ८ | | सशर्त अनुदान | २११२००० |
| ९ | | समपुरक अनुदान | १००००००० |
| १० | | विशेष अनुदान | ० |
| | | जम्मा | २३२१५००० |
| ११ | स्थानिय सरकार | आ.व. ०७६/०७७ को नगद/अ ल्या | ५०८७६३७१ |
| १२ | | भूमिकर/मालपोत | १०००००० |
| १३ | | घरवहाल कर | ५०००० |
| १४ | | विज्ञापन कर | २५००० |
| १५ | | दहत्तर वहत्तर | ५००००० |
| १६ | | सिफारिस दस्तुर | १५००००० |
| १७ | | अन्य प्रशासनिक सेवा शुल्क | १५०००० |
| १८ | | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ५०००० |
| १९ | | विधुत रोयल्टी | ३००००० |
| २० | | अन्य क्षेत्रको आय (विभिन्न संस्थाबाट आउने) | १९३२७४५८ |
| २१ | | बेरुजु | १००००० |
| | | जम्मा | ७३८७८८२९ |
| | | कुल जम्मा | ४७४०९९८२९ |